जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ५६ पृष्ठः ४ | २०८२ असार ०२ गते सोमबार (Monday 16 June 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## गोलबजारमा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न, २५४ जनाले लिए सेवा



सिरहा, १ असार। सिरहाको गोलबजार नगरपालिका-१० को कार्यालय तथा भुमिजा हस्पिटल गोलबजारको संयुक्त आयोजनामा एक दिवसीय निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ। गोलबजार १० स्थितको आधारभूत स्वास्थ्य सेवा केन्द्रले शनिबार आयोजना गरिएको उक्त निःशुल्क स्वास्थ्य शिविरमा महिला तथा पुरुषगरी जम्मा २ सय ५४ जनाले स्वास्थ्य परीक्षण गराएको हो।।

स्वास्थ्य शिविरमा विभिन्न उमेर समूहका २ सय ५४ जना सेवाग्राहीले लाभ लिएका छन्। शिविरमा विशेष गरी महिलाको स्वास्थ्य परीक्षण, ओपिडी सेवा, विशेषज्ञ डाक्टरको परामर्श, मधुमेह तथा रक्तचाप जाँच, निःशुल्क औषधि वितरण लगायतका सेवा प्रदान गरिएको आधारभूत स्वास्थ्य सेवा केन्द्रका प्रमुख इन्द्रजित साहले जनाएको छ।

गाउँ स्तरमै स्वास्थ्यसम्बन्धी सेवा प्रदान गर्दै समुदायलाई सहज सेवा उपलब्ध गराउने उद्देश्यले निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरिएको वडा नम्बर १० का अध्यक्ष उपेन्द्र मुखियाले बताए। स्वास्थ्यजस्तो महत्त्वपूर्ण विषयमा वडावासीको पहुँच सुनिश्चित गर्न यस्ता कार्यक्रम गरेको उनले बताए। वडाभरिका ज्येष्ठ नागरिक, विपन्न परिवार लगायतले लाभ लिएका उनी बताउँछन्। उनले भने, 'वडाको आयोजनामा निःशुल्क शिविर आयोजना गरिएको थियो, जसमा बिरामीहरूलाई औषधी पनि निःशुल्क उपलब्ध गराइएको छ।'

शिविरमा स्त्री तथा प्रसूति रोग विशेषज्ञ प्रादेशिक अस्पताल लहानमा कार्यरत डाक्टर कुसुम यादव, डाक्टर आनन्द साह र डाक्टर मेन्द्र यादव सहित ३ विशेषज्ञ र ११ जना स्वास्थ्यकर्मीसहित १४ जना उपचारमा संलग्न रहेको आयोजकले बताएको छ। कार्यक्रममा विभिन्न स्थानीय समाजसेवी र स्वास्थ्यकर्मीहरूको सक्रिय सहभागिता रहेको थियो। गाउँमै प्राथमिक उपचार गराउन पाउँदा स्थानीयवासी हर्षित भएका छन्।

## डकैतीका मुख्य प्रतिवादी दुई वर्षपछि पक्राउ

सिरहा, १ असार। सिरहाको धनगढीमाई नगरपालिका-११, छपराडीस्थित गोर्खाज फाइनान्सको कार्यालयमा दुई वर्षअघि भएको डकैती घटनाका मुख्य प्रतिवादी पक्राउ परेका छन्। डकैतीका मुख्य प्रतिवादी लहान नगरपालिका-२० का ४५ वर्षीय श्रीदेव महतो पक्राउ परेका हुन्। महतोलाई बरियारपट्टी गाउँपालिका-३ चमार टोलबाट शनिबार साँझ लुकिछिपी बसेको अवस्थामा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, सिरहाले जनाएको छ। उनलाई सिरहा जिल्ला अदालतमा पेश गरिएको सिरहाका प्रहरी प्रवक्ता वीरेन्द्रकुमार पासवानले बताएउनुभयो।



महतोलगायतको एक समूह २०७९ चैत १४ गते राति करिब सबा १२ बजेको समयमा नाकाब धारण गरेर गोर्खास फाइनान्सको कार्यालयमा पसेका थिए। उनीहरूले कार्यालय भवनको तल्लो तल्लामा बस्ने कर्मचारीहरूलाई पेस्तोल तथा धारिलो हतियार देखाएर कुटपिट गर्दै नशाको सुईसमेत लगाई लुटपाट गरेका थिए। उनीहरूले सो क्रममा २ लाख ५७ हजार २ सय ७९ रूपैयाँ नगद र तीन थान मोबाइल लुटपाट गरी लगेका थिए। यस्तै, उनीहरूले कार्यालयको जिन्सी सामानहरूसमेत तोडफोड गरी १० लाख २८ हजार ७ सय १४ रूपैयाँको क्षति पुर्‍याएको प्रहरीको अनुसन्धान प्रतिवेदनमा उल्लेख छ ।

यो घटनामा प्रहरीले चोरी, डाँका, शरीर बन्धक तथा संगठित अपराध शिर्षकमा ११ जनाविरूद्ध मुद्दा चलाएको थियो। जसमा यसअघि नै तीन जना पक्राउ परिसकेका छन्। यसमध्ये दुई जना पूर्पक्षका लागि कारागारमा छन् भने एकजना धरौटीमा रिहा भएका थिए।

## मधेस प्रदेश : कुन मन्त्रालयले कति पाए बजेट ?

जनकपुर, १ असार। मधेस प्रदेशले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि करिब ४७ अर्बको बजेट ल्याएको छ। प्रदेश सभामा आइतबार अर्थमन्त्री सुनिलकुमार यादवले आगामी आर्थिक वर्षका लागि ४६ अर्ब ५८ करोड बराबरको बजेट प्रस्तुत गरेका हुन्। मधेस प्रदेश सरकारले बजेट प्रस्तुत गरेरसंगै आगामी आर्थिक वर्ष २०८२/८३ का लागि विभिन्न मन्त्रालयहरूमा विनियोजित बजेट विवरण समेत सार्वजनिक गरेको छ। प्रदेश सरकारले सार्वजनिक गरिएको बजेटमा सबैभन्दा बढी बजेट भौतिक पूर्वाधार विकास मन्त्रालयलाई विनियोजन गरिएको छ। प्रदेशको कुल बजेटको करिब एक तिहाइ बजेट भौतिक मन्त्रालयमा राखिएको छ।

भौतिक पूर्वाधार मन्त्रालयमा मात्रै आगामी आर्थिक वर्षका लागि

**-बाँकी दुई पेजमा**




### योग्यता प्रणालीको सम्मान गरौं

- योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
- योग्यता र प्रतिष्पर्धाको सम्मान गर्दै रोगजारीमा समान अवसरको सदुपयोग गरौं,
- प्रतिभाको कदर स्वदेशमै गरौं र प्रतिभा पलायन हुनबाट रोकौं,
- निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
- २०८२ असार १ गते लोक सेवा आयोगको ७५ औं वार्षिकोत्सव तथा हीरक जयन्ती भव्यताका साथ मनाऔं,

**"योग्यता, स्वच्छता, निष्पक्षता-लोक सेवा आयोगको प्रतिबद्धता**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## लोक सेवा आयोगले छानेको अधिकांश 'योग्य'हरू किन भ्रष्ट र कामचोर ?

'पँजनी' बाट एकैपटक 'पब्लिक सर्भिस कमिसन' फड्को मारेर २००८ सालमा जन्मिएको नेपालको लोक सेवा आयोग हिरक जयन्ती (७५औं वार्षिकोत्सव) मनाउँदासम्म पनि जनविश्वास नगुमाएको बिरलै संस्थामध्येको हो। यसबीच शासन व्यवस्था नै अनेकौंपटक बदलिए पनि लोक सेवा आयोगको मूल्य मान्यता भने धेरै हदसम्म जोगिएकै छ। त्यसो त कहिले असल नियतबाट र कहिले बदनियत राखेर लोक सेवा आयोगलाई बेलाबखत निलम्बन पनि गरियो। पञ्चायतकालसम्म पनि 'हुकुम प्रमाङ्गी'को हस्तक्षेप लोक सेवामा रही नै रह्यो। तैपनि बेलाबखत अन्तर्वार्तामा 'सेटिङ' हुनेगरेको हल्ला चले पनि अपवादबाहेक लोक सेवा आयोगको निष्पक्षतामा बितेका ७५ वर्षमा खासै प्रश्न उठेको छैन।

विडम्बना, यस्तो निर्विवाद छनोट गर्ने संस्थाबाट छानिएको नेपालको कर्मचारीतन्त्र भने कहिल्यै जनमुखी र सराहनीय हुनसकेन। प्रायः निष्पक्ष र खुला प्रतिस्पर्धात्मक विधिबाट छानिएका 'योग्यतम'हरूमध्ये अधिकांश सेवा प्रवेश गरेपछि न इमानदार रहे न असल र कुशल नै देखिए। 'राष्ट्रसेवक' भनिने लोक सेवाले छानेका कर्मचारी अहिले राज्यका लागि बोझ बनेका छन्। नेपालको कर्मचारीतन्त्र विशेषगरी निजामती सेवाका कर्मचारीको अवगुणका लागि सबै दोष लोक सेवा आयोगलाई दिनु भने न्यायोचित हुदैन। राणा शासनको 'चाकरी' र 'हुकुमी' संस्कारबाट निजामती सेवालाई मुक्त गर्ने प्रयत्न नै भएन। पक्कै पनि यसको बढी दोष राणा शासनको अन्त्यपछिको कर्मचारीतन्त्र र राजनीतिक नेतृत्वलाई नै जान्छ।

संरचनामा परिवर्तन भए पनि राणा शासनको सामन्ती चाकरी मानसिकता कर्मचारीतन्त्रमा छ। नयाँ जोस र मान्यता लिएर सेवा प्रवेश गर्ने युवा लाग्छ कुनै रहस्यमय गुफामा पुग्छ। रातारात उसको 'मानसिक चोला' नै बदलिन्छ र यसले सामन्ती दम्भसहित नयाँ अवतार लिन्छ। अरू त अरू समता पछाडि पारिएका र राज्य संयन्त्रमा प्रतिनिधित्व नभएका समुदायको शासनमा न्यायपूर्ण सहभागिताका लागि अपनाइएको समावेशी सिद्धान्त लोक सेवा पनि चरितार्थ हुनसकेन। लोक सेवाको छनोटमा 'योग्य' ठहरिनेहरूमा अधिकांश 'तरमारा' वर्गकै प्रतिनिधि हुने गरेका छन्।

हुनत, अहिलेको शिक्षा पद्धति पनि हुनेखाने घरमा जन्मनेलाई 'अतिरिक्त लाभ' हुने प्रकारको छ। अर्कातिर लोकसेवाले लिने परीक्षा पनि मूलतः लर्ड मेकलेकै मानसपुत्रहरू छानिने शैलीको छ। लोक सेवा आयोगमै पनि अधिकांश पूर्वकर्मचारी नै नियुक्त गरिन्छन्। यसैले आयोगका पदाधिकारीले प्रशासन यन्त्रमा देखिएको दोष देख्न र आफूलाई जिम्मेवार ठान्न नसकेको हुनुपर्छ। लोक सेवा आयोगले छानेका अधिकांश 'योग्य'हरू कर्तव्य सम्पादनका क्रममा 'अयोग्य' देखिएकाले अब यसको छनोट विधि र प्रक्रिया दुवैमा गम्भीर समीक्षा हुनुपर्छ। लोक सेवाबाट छानिएकाहरू अधिकांश उत्कृष्ट युवा किन भ्रष्ट, कामचोर र चापलुस हुन पुगे भन्ने प्रश्नको उत्तर गहन विमर्श तथा अध्ययनबाट खोजिनुपर्छ।

अहिलेको राजनीतिमा रहेको विकृति राजनीतिकर्मीले नदेखेजस्तै प्रशासन संयन्त्रको कमजोरी र आजको सन्दर्भमा कर्मचारी छनोट विधि, प्रक्रिया तथा मानसिकतामा रहेको त्रुटि कर्मचारीतन्त्रमा हुर्केकाहरूले देख्दैनन्। यसैले आयोगको आमूल कायाकल्पका लागि संस्कार र मानसिकताजन्य विकार एवं आग्रह मुक्त भएर काम गर्नसक्नेहरूलाई जिम्मा दिइनु आवश्यक हुन्छ। हिरक जयन्तीका अवसरमा आयोगका पदाधिकारीलगायत सबैमा बधाई एवं शुभकामना !

# नयाँ पुस्तालाई लोक सेवातर्फ आकर्षित गर्ने काम भइरहेको छ



गीताकुमारी होमेगाई
प्रवक्ता–लोकसेवा आयोग

"नियमित अध्ययन, समयको सही व्यवस्थापन र पाठ्यक्रमअनुसारको तयारी नै लोक सेवामा सफलताको सूत्र हो।"

लोक सेवा आयोग आफ्नो स्थापनाको ७५औं वर्षमा प्रवेश गर्दै गर्दा संस्थाको समग्र यात्रा, सुधारको दिशा र भावी योजनाबारे बहस चुलिएको छ। ७५ वर्षको यो अवधिमा आयोगले अनेकौं उतारचढाव पार गर्दै देशको सार्वजनिक सेवा प्रणालीमा आफूलाई एक विश्वासिलो र सुशासनमा केन्द्रित संस्थाका रूपमा उभ्याउन सफल भएको छ। आयोगको विगत, वर्तमान र भविष्यलाई समेट्दै गर्दा अहिलेसम्मको यात्रा केवल समयको हिसाबले मात्रै अघि बढेन। संस्थाले समर्पण, सुधार र जनविश्वास आर्जन गरेको छ।

स्थापना कालको शुरुआतमा आयोगको कार्यक्षेत्र सीमित थियो। प्रारम्भमा निजामती सेवामा मात्रै केन्द्रित आयोगको संरचना पछिल्लो समय विस्तार भई देशभरका विभिन्न सार्वजनिक संस्थानहरूमा कर्मचारी छनोटको जिम्मेवारी बहन गर्दै आएको छ। समयक्रमसँगै आयोगले प्रविधिको अधिकतम उपयोग गर्न थालेको छ र यसमा 'अनलाइन दरखास्त प्रणाली' सबैभन्दा महत्त्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ। पहिले दरखास्तको प्रक्रिया लाइन लागेर हुने गर्थ्यो, अहिले अनलाइन प्रणालीमार्फत सरल, पारदर्शी र प्रभावकारी ढङ्गले सञ्चालन हुँदै आएको छ।

लोक सेवा आयोगको मुख्य उद्देश्य भनेकै योग्य, सक्षम र निष्पक्ष उम्मेदवार छनोट गर्नु हो। आयोगले कार्यसम्पादनमा पारदर्शिता र स्वच्छता कायम राख्न विविध विधिहरू अपनाउँदै आएको छ। आयोगसँग नातेदार, पहुँच, सिफारिश वा मोलमोलाइको कुनै सम्बन्ध हुँदैन। परीक्षा प्रक्रियामा आयोगले गोपनीयतालाई विशेष ध्यान दिन्छ। परीक्षार्थीको परिचय गोप्य राखिन्छ, उत्तरपुस्तिकामा नाम वा सङ्केत लिने कुनै माध्यम हुँदैन। प्रश्नपत्र निर्माण, छपाइ, वितरण र मूल्याङ्कनसमेत अलग–अलग व्यक्तिले गर्छन्। परीक्षासम्बन्धी सबै प्रक्रिया बृहत्तर पारदर्शितातर्फ उन्मुख गरिँदैछ।

पछिल्लो केही वर्षको तथ्याङ्कले आयोगले हरेक वर्ष झन्डै साढे पाँच हजार विज्ञापन प्रकाशित गर्ने र झन्डै चार हजार जनालाई नियुक्ति सिफारिश गर्ने गरेको देखिन्छ। माग सङ्कलनदेखि पाठ्यक्रम निर्माण, दरखास्त छानबिन, लिखित परीक्षा सञ्चालन, सिफारिशसम्बन्धी निर्णयसम्मको सम्पूर्ण चक्र लोक सेवा आयोगको व्यवस्थापनभित्र पर्छ। यद्यपि कतिपय अवस्थामा उजुरीका कारण, समायोजन प्रक्रियासम्बन्धी विवाद वा अदालती आदेशका कारण परीक्षा मिति परिवर्तन हुने वा ढिलाइ हुने गरेको आयोगले स्वीकार गरेको छ। ती अपवादबाहेक आयोगले पूर्वघोषित वार्षिक परीक्षा तालिकाअनुसार नै सम्पूर्ण प्रक्रिया सम्पन्न गर्न खोजिरहेको छ।

कर्मचारी सङ्ख्या भने आयोगको कार्यभारअनुसार पर्याप्त छैन। केन्द्रीय कार्यालयसहित १६ वटा क्षेत्रीय कार्यालयबाट सेवा प्रवाह भइरहेको भए पनि अहिलेको स्थितिमा आयोगमा झन्डै चार सय कर्मचारी कार्यरत छन्। यो सङ्ख्या दिनानुदिन बढिरहेको जिम्मेवारीअनुसार अत्यन्तै कम हो। यस्तै परिस्थितिमा आयोगले कार्यक्षमता अभिवृद्धि, प्रक्रियागत सुधार र जनअपेक्षाको समुचित जवाफ दिनुपर्ने चुनौती स्वीकार्दै आएको छ।

परीक्षा प्रणालीलाई अझ बढी समयसापेक्ष र वस्तुनिष्ठ बनाउन आयोगले विविध सुधारात्मक कार्यहरू अघि सारेको छ। नयाँ पुस्तालाई लोकसेवातर्फ आकर्षित गर्न योग्यतामूलक र सीप–केन्द्रित पाठ्यक्रम निर्माण, एकीकृत परीक्षा प्रणालीको सम्भाव्यता अध्ययन, प्रविधिको प्रयोग विस्तार, तथा मूल्याङ्कन प्रणालीमा पारदर्शिता थप्ने प्रयास भइरहेका छन्। विभिन्न संस्थाहरूमा समान प्रकृतिका पदहरूलाई एउटै मापदण्डअन्तर्गत कसरी समेट्न सकिन्छ भन्ने विषयमा समेत आयोगले अध्ययन शुरू गरिसकेको छ।

लोक सेवा आयोग निष्पक्ष र पारदर्शी संस्था हो, यहाँ कुनै प्रकारको पहुँच वा चलखेलको सम्भावना कल्पना पनि गर्न सकिँदैन। परीक्षार्थीहरूले आयोगको वेबसाइट नियमित हेर्ने, पाठ्यक्रमअनुसार अध्ययन गर्ने, परीक्षा निर्देशिकालाई पढ्ने र मर्यादित व्यवहार गर्ने कुरामा विशेष ध्यान जरुरी छ। कहिलेकाहीँ परीक्षामा अनुनय–विनय गर्ने, उत्तरपुस्तिकासँगै लैजाने वा विद्युतीय उपकरण प्रयोग गर्नेजस्ता गलत क्रियाकलाप देखा परेको प्रसङ्ग पनि छन् तर त्यस्तो भेटिएमा त्यो परीक्षार्थी कारबाहीको भागेदार हुन्छ। आयोगले यसरी नै पढ्नुपर्छ भन्ने निर्देशन दिँदैन, पाठ्यक्रम नै अध्ययनको आधार हो। यो कुरा परीक्षार्थीले आफैं बुझ्नुपर्छ। प्रश्न बनाउने विज्ञहरू अलग–अलग हुने र उनीहरूले बनाएका प्रश्नहरू पूर्णतः गोप्य हुने भएकाले कसैलाई पूर्वजानकारी हुने सम्भावना रहँदैन। यसमा ढुक्क भए हुन्छ। कतिपय समयमा पाठ्यक्रम बाहिरका प्रश्न सोधिएको गुनासो आए पनि आयोगले ती विषयहरू अध्ययन गरेर आवश्यक परिमार्जन गर्ने गरेको छ। यसैगरी एउटै बेन्चमा दुई जनाभन्दा बढी परीक्षार्थी नबस्ने व्यवस्था, समान उत्तर आएमा निगरानी गर्ने प्रणालीले निष्पक्षता झनै मजबुत बनाएको छ।

लोक सेवा आयोगले संविधानमा समेटिएको समावेशी सिद्धान्तअनुसार महिला, आदिवासी जनजाति, मधेशी, दलित, अपाङ्गता भएका र पछाडि पारिएका वर्गहरूका लागि समानुपातिक अवसर सुनिश्चित गर्दै आएको छ। २०६३ को अन्तरिम संविधानबाट शुरू भएको यो प्रक्रिया पछिल्लो संविधानले थप स्पष्ट रूपमा परिभाषित गरेको हो। अहिलेसम्म आयोगले समावेशी श्रेणीबाट झन्डै २५ हजार दुई सय जना उम्मेदवारलाई सिफारिश गरिसकेको छ। यद्यपि समावेशिता कार्यान्वयनमा केही कानूनी र कार्यान्वयनसम्बन्धी चुनौतीहरू अझै छन्। केही रिटहरू अदालतमा विचाराधीन रहेका छन् र आर्थिक तथा सामाजिक आधारलाई समावेशीताको मापदण्ड बनाउने प्रस्तावहरूबारे गम्भीर छलफल चलिरहेको छ। यस्ता जटिलताका बीच पनि आयोग संविधान र राज्यको नीतिलाई कार्यान्वयन गर्न प्रतिबद्ध रहेको छ।

आउँदा दिनमा नेपालको भौगोलिक तथा सांस्कृतिक विविधतालाई आत्मसात् गर्दै पाठ्यक्रम निर्माण गर्ने, शिक्षण संस्थाहरूमा भएका नयाँ संशोधनहरू समेट्ने र समयअनुसार परिमार्जन गर्ने योजना आयोगले बनाइसकेको छ। ७५औं वार्षिकोत्सवलाई अवसरका रूपमा प्रयोग गर्दै आयोगले वर्षभरिकै विशेष कार्यक्रमहरू सञ्चालन गर्ने र आमनागरिकको सुझावका आधारमा थप सुधारको प्रक्रिया अघि बढाउने तयारी गरेको छ।

लोक सेवा आयोगको निष्पक्षता, पारदर्शिता र स्वच्छताको विरासतलाई अगाडि बढाउँदै संस्थाले आफूलाई अझ मजबुत, सक्षम र जनउत्तरदायी बनाउँदै लैजाने प्रष्ट सङ्केत दिएको छ। प्रतिस्पर्धामा सफलता भनेको केवल चिनजान वा भाग्य होइन, लगनशीलता, तयारी र इमानदारिताको परिणाम हो। आयोगको आगामी लक्ष्य भनेको जनविश्वासलाई थप मजबुत पार्दै राष्ट्रिय सेवामा उत्कृष्ट जनशक्ति छनोट गर्ने जिम्मेवारीलाई उच्चस्तरमा लैजाने हो।

अन्त्यमा लोक सेवाको तयारी गर्दै गरेका र गर्ने सोच बनाएका परीक्षार्थीहरूलाई भन्न चाहन्छु– राष्ट्रसेवामा प्रवेश गर्नु केवल जागिर पाउनु मात्र होइन, देश र नागरिकको सेवा गर्नु हो। लोक सेवा आयोग तपाईंजस्ता समर्पित, योग्य र इमानदार जनशक्ति चयन गर्ने जिम्मेवारीमा कटिबद्ध छ। यसैले तपाईंले यो संस्थालाई केवल परीक्षा लिने संस्था होइन, राष्ट्रनिर्माणको साझेदारको रूपमा हेर्नु आवश्यक छ। परीक्षा भन्ने बित्तिकै धेरैमा डर, तनाव र अन्योल सिर्जना हुन सक्छ। आयोगले लिने परीक्षा प्रणाली पारदर्शी र निष्पक्ष छ जसमा तपाईंको मेहनत नै मुख्य हो। नियमित अध्ययन, समयको सही व्यवस्थापन र पाठ्यक्रमअनुसारको तयारी नै लोक सेवामा सफलताको सूत्र हो।

*मधेस प्रदेश...*

१५ अर्ब ८८ करोड ७१ लाख ८५ हजार बजेट राखिएको छ। जुन कुल बजेट ठूलो रकम हो। यो रकम खासगरी सडक निर्माण, पुल, सरकारी भवन र अन्य पूर्वाधारका योजनामा खर्च गरिनेछ। त्यसपछि स्वास्थ्य तथा शिक्षा मन्त्रालयतर्फ ६ अर्ब ४५ करोड ६१ लाख राखिएको छ। यो बजेट खासगरी स्वास्थ्यसँग सम्बन्धित कार्यक्रम गर्ने भनिएको छ। यसैगरी सबै भन्दा बढी बजेट पाउने मन्त्रालयमा ऊर्जा सिचाइ तथा खानेपानी मन्त्रालय रहेको छ। आगामी आर्थिक वर्षमा यो मन्त्रालयले ४ अर्ब ४१ करोड ९९ लाख ९९ हजार बजेट प्राप्त गरेको छ।

त्यसैगरी शिक्षा तथा संस्कृति मन्त्रालयले ३ अर्ब ५७ करोड ६६ लाख ५५ हजार, उद्योग,वाणिज्य तथा पर्यटन मन्त्रालयले ३ अर्ब ८ करोड ७१ लाख ७४ हजार, वन तथा वातावरण मन्त्रालयलाई २ अर्ब ३७ करोड ५६ लाख ३८ हजार बजेट विनियोजन गरिएको छ। यसैगरी भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको लागि २ अर्ब ८३ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ। प्रदेशमा सबै भन्दा कम श्रम तथा यातायात, गृह तथा सञ्चार र खेलकुद तथा समाज कल्याण मन्त्रालयले बजेट विनियोजन गरिएको छ।

प्रदेश सरकारले गृह मन्त्रालयमा ६४ करोड ८९ लाख ९७ हजार, श्रम तथा यातायात मन्त्रालयमा ५७ करोड १४ लाख ५० हजार र खेलकुद मन्त्रालयमा १ अर्ब ६८ करोड ७३ लाख बजेट विनियोजन गरेको छ। आगामी आर्थिक वर्षमा बजेटमा युवालाई प्रदेशमै रोजगारी सिर्जनाका साथै आर्थिक गतिविधिमा संलग्न गराउने, तुलनात्मक लाभ बढी भएका उद्योगहरू प्रवर्द्धन गर्ने, उद्यमशीलता विकासमार्फत गरिबी न्यूनीकरण गर्ने तथा सार्वजनिक सम्पत्ति र स्रोतहरूको प्रभावकारी र परिमाणमुखी उद्योगमा केन्द्रित छ। अर्थात् संघीय सरकारप्रतिको निर्भरता घटाउन मुख्य प्राथमिकता पूर्वाधार विस्तार, गुणस्तरीय सेवा प्रवाह र रोजगारी सिर्जनामा केन्द्रित हुने बताइएको छ।

## पेट्रोल, डिजेल र मट्टितेलको मूल्य बढ्यो

काठमाडौं, १ असार। पेट्रोल, डिजेल र मट्टितेलको मूल्य बढेको छ। नेपाल आयल निगमका अनुसार, पेट्रोलमा १ रुपैयाँ मूल्यवृद्धि भएको छ। त्यस्तै, डिजेल र मट्टितेलमा २ रुपैयाँले मूल्यवृद्धि भएको छ। वृद्धि भएको मूल्य आजै राति १२ बजेबाट लागू हुने निगमले जनाएको छ। मूल्य बढेसँगै अब काठमाडौं, पोखरा र दिपायलमा पेट्रोलको मूल्य १ सय ६० रुपैयाँ, डिजेल र मट्टितेलको मूल्य १ सय ४५ रुपैयाँ पर्नेछ।

# 'सेटिङ'मा पक्राउ परेका नेविसंघ नेता २ दिनमै सुटुक्क रिहा, २ जनाविरुद्ध भएन जाहेरी दर्ता

काठमाडौं, १ असार। कीर्तिपुरस्थित त्रिवि (त्रिभुवन विश्वविद्यालय) मा तोडफोड गरेको आरोपमा पक्राउ परेका नेपाल विद्यार्थी संघ (नेविसंघ) दुई नेविसंघका दुई नेतालाई सुटुक्क छाडिएको खुलेको छ। २१ जेठमै प्रहरी वृत्त कीर्तिपुरमा त्रिविमा तोडफोड गर्नेविरुद्ध उजुरी परेको थियो। तर, उनीहरुलाई प्रहरीले लामो समयसम्म पक्रेन। तर प्रहरीले उनीहरुलाई पक्राउ नगरी अनुसन्धान प्रतिवेदन तयार गरेर सरकारी वकिलमा पठाउने तयारी गर्‍यो। त्यसपछि बल्ल तोडफोड घटनामा संलग्न मध्ये दुई जनालाई 'सेटिङ' प्रहरीले पक्राउ गरेको पाइएको छ।

पक्राउ परेको दुई दिनमै उनीहरुलाई जिल्ला प्रशासन कार्यालयमा उपस्थित गराएर रिहा गरिएको खुलेपछि कारबाही गरेजस्तो देखाउनका लागि मात्रै पक्राउ गरेजस्तो देखिएको छ। परिसर काठमाडौंको टोलीले धुन्चेपाखा भक्तपुरबाट तोडफोडमा संलग्न भएको आरोप लागेका दिक्पाल कार्की र लोकेश कुँवरलाई पक्राउ गरेको थियो। २७ जेठमा पक्राउ परेका उनीहरु प्रतिवेदन प्रहरीले यसको भोलिपल्टै सरकारी वकिल कार्यालयमा पठाएको पाइएको छ। त्रिविका पदाधिकारीको निरन्तर दबाब र सञ्चार माध्यममा निरन्तर समाचार आएपछि मात्रै उनीहरुलाई पक्राउ गर्न प्रहरीलाई गृहले निर्देशन दिएको पाइएको एक अनुसन्धान अधिकृत बताउँछन्।

ती अधिकृतले भनेजस्तै भोलिपल्टै अनुसन्धान प्रतिवेदन पेस गरेर पर्सीपल्टै उनीहरु छुट्नुले पनि उनीहरुको पक्राउ पनि 'सेटिङ'मै भएको देखिन्छ। २७ जेठमा पक्राउ परेका दुबै जनालाई सबैभन्दा कमजोर मुद्दा अर्थात् 'अभद्र व्यवहार'को कसुरमा म्याद लिइएको थियो। एक वर्षभन्दा कम सजाय हुने अभद्र व्यवहार कसुरको मुद्दा प्रमुख जिल्ला अधिकारी (सीडीओ)ले हेर्ने कानुनी व्यवस्था छ। जसकारण पक्राउ परेका दुई जनाविरुद्ध सीडीओ कार्यालयले अनुसन्धानका लागि पाँच दिनको म्याद समेत पाएको थियो।

तर, पाँच दिनको म्याद लिएपनि पक्राउ परेको दुई दिनमै उनीहरु रिहा भएको छन्। जिल्ला प्रशासन कार्यालय काठमाडौंमा बिहीबार जनही दश हजार रुपैयाँ धरौटी बुझाएर उनीहरु रिहा भएका हुन्। परिसरका एसपी तथा प्रवक्ता अपील राज बोहराले पनि उनीहरु रिहा भएको विषय स्वीकार गरे। 'सीडीओ कार्यालयको आदेश भएपछि हामीले उहाँहरुलाई रिहा गरेका हौं', एसपी बोहराले भने। तर, यति छिट्टै उनीहरुको मुद्दा कसरी सीडीओ कार्यालय पुग्यो भन्नेबारे प्रहरीले केही बताएको छैन। स्रोतकाअनुसार पूर्वतयारी अनुसार नै उनीहरुलाई पक्राउ गरेर तुरुन्तै मुद्दा दायर गरिएको हो।

'माथिको निर्देशनअनुसार पहिला मुद्दाको कागजात तयार पारेपछि बल्ल उनीहरुलाई नियन्त्रणमा लिइएको हो। लगत्तै मुद्दा पेस भयो। अनि उहाँहरु छुट्नुभयो', एक अनुसन्धान अधिकृतले भने। पक्राउ परेका कुँवर शंकरदेव क्याम्पसमा अध्ययनरत नेविसंघका नेता हुन् भने कार्की सानोठिमी क्याम्पसमा अध्ययनरत थिए। त्रिविमा तोडफोड गरेपछि निकालेको विज्ञप्तीमा समेत उनीहरुको नाम र हस्ताक्षर थियो। तोडफोडको भिडियोमा समेत उनीहरुको अनुहार प्रष्ट देखिन्थ्यो।

**२ जनाविरुद्ध दर्ता भएन जाहेरी**

कार्की र कुँवर पक्राउ परेर सुटुक्क रिहा भएपनि यो प्रकरणमा जोडिएका दुई जनाविरुद्धको उजुरी भने प्रहरीले दर्ता नै नगरेको पाइएको छ। उजुरी दर्ता नभएकाहरुमा मदनराज उपाध्याय र भुवन ओझा छन्। उनीहरुविरुद्ध उजुरी आएपनि गृहमन्त्रालयकै दबाबका कारण दर्ता गर्न नसकिएको एक अनुसन्धान अधिकारी बताउँछन्। उजुरी दर्ता नभएका उपाध्याय २०७९ मा भएको स्ववियु निर्वाचनबाट निर्वाचित स्ववियु सचिव हुन्।

भुवन ओझा भने निर्वाचित सहसचिव हुन्। शंकरदेवमा यो पटक स्ववियु निर्वाचन भएकाले उनीहरुले कामकाज गरिरहेका छन्। मदनराज उपाध्याय गृहमन्त्री रमेश लेखक निकट मानिन्छन्। भुवन ओझा भने नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा निकट मानिन्छन्। सभापति र गृहमन्त्री निकट रहेकै कारण तोडफोडको जाहेरी आउँदा समेत प्रहरीले दर्ता गर्न सकेन। जाहेरी नै दर्ता नभएका ओझा र उपाध्याय पनि तोडफोडमा उत्रिएको भिडियोमै प्रष्ट देखिन्छ। तर भिडियोसहितको प्रमाण हुँदाहुँदै उनीहरुले भने शक्तिकेन्द्रको पहुँचकै कारण उन्मुक्ति पाएको एक अधिकृत सुनाउँछन्।

**'अभियुक्त छुटेपछि त्रासमा छौं'**













# ११ महिनामा सरकारको विकास खर्च ४० प्रतिशतमात्रै, आम्दानी पनि खुम्चियो



काठमाडौं, १ असार चालू आर्थिक वर्ष सकिन एक महिना बाँकी रहँदा विकास खर्च ४० प्रतिशतमात्र भएको छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार जेठ मसान्तसम्ममा केन्द्र सरकारको विकास खर्च वार्षिक लक्ष्यको ४० दशमलव ७ प्रतिशत अर्थात् १ खर्ब ४३ अर्ब ३९ करोड ७ लाख रुपैयाँ बराबर छ। चालू आवका लागि सरकारले ३ खर्ब ५२ अर्ब ३५ करोड ४० लाख रुपैयाँ पुँजीगत खर्च छुट्याएको थियो। प्रारम्भिक लक्ष्यअनुसार खर्च हुन असारमा मात्रै २ खर्ब ९ अर्ब रुपैयाँ पुँजीगत बजेट खर्च गर्नुपर्ने हुन्छ।

सरकारले बजेटको मध्यावधि समीक्षा र आउँदो आर्थिक वर्षको बजेट संसद्रुमा प्रस्तुत गर्दासमेत दुई पटक आय-व्ययको अनुमान संशोधन गरिसकेको छ। शुरूको विनियोजनको तुलनामा मात्र नभई दोस्रो पटक संशोधित लक्ष्यको तुलनामा पनि अहिलेसम्मको वास्तविक खर्च निकै कम हो। असारे विकास भनेर आचोलित हुँदै आएको सरकारलाई आवको अन्त्यको खर्च रोक्न महालेखापरीक्षकको कार्यालयले हरेक वर्ष आफ्नो प्रतिवेदनमार्फत सुझाव दिँदै आएको छ तर असारमा नै अधिक खर्च हुने प्रवृत्ति रोकिएको छैन।

स्तै गएको जेठ मसान्तसम्म समग्र बजेट खर्च वार्षिक विनियोजनको ६८ दशमलव ९८ प्रतिशत छ। विकास आयोजनामा लगाइने पुँजीगत शीर्षकको खर्च कमजोर हुँदा चालु खर्च र सरकारी ऋणको साँवा-ब्याज भुक्तानीमा हुने वित्तीय व्यवस्थातर्फको खर्च भने औसत देखिन्छ। सरकारको खर्च मात्र नभई आम्दानी पनि खुम्चिएको छ। यस वर्षका लागि १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख रुपैयाँ आम्दानी गर्ने लक्ष्य निर्धारण भएकामा जेठ मसान्तसम्ममा वार्षिक लक्ष्यको ७० दशमलव ९९ प्रतिशत बराबरमात्र आम्दानी भएको छ।

कर राजस्व वार्षिक लक्ष्यको ७१ दशमलव ४८ प्रतिशत अर्थात् ९ खर्ब १८ अर्ब र गैरकर राजस्व वार्षिक लक्ष्यको ७२ दशमलव ६ प्रतिशत अर्थात् ९८ अर्ब ८ करोड रुपैयाँ छ। यस वर्ष सरकारले १२ खर्ब ८४ अर्ब २० करोड कर राजस्व १ खर्ब ३५ अर्ब रुपैयाँ गैरकर राजस्व उठाउने लक्ष्य थियो। अहिलेसम्मको वैदेशिक अनुदान प्राप्ति वार्षिक लक्ष्यको ३२ दशमलव ६६ प्रतिशतमा सीमित भएको छ। यस वर्ष सरकारले ५२ अर्ब ३२ करोड वैदेशिक अनुदान उठाउने लक्ष्य राखेकोमा जेठ मसान्तसम्ममा १७ अर्ब ९ करोड रुपैयाँ बराबरमात्र प्राप्ति गरेको कार्यालयले जनाएको छ।

# १७ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं, १ असार। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बाँकेको साविक नरैनापुर गाउँ विकास समिति कार्यालयका तत्कालीन अध्यक्ष अजुकुमार श्रीवास्तवसहित १७ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। सामाजिक सुरक्षा भत्ता वितरणमा हिनामिना गरेका आरोपमा उनीहरूविरुद्ध विशेष अदालतमा आज मुद्दा दायर गरेको अख्तियारका सहायक प्रवक्ता देवीप्रसाद थपलियाले जानकारी दिए। २०५७ देखि २०७२ सालसम्म सामाजिक सुरक्षा भत्ता पाउने उमेर नपुगेका १९ जनालाई भत्ता कार्ड उपलब्ध गराएको अख्तियारको आरोप छ। अख्तियारले तत्कालीन गाविस अध्यक्ष श्रीवास्तव, गाविस सचिव सावितराय कुर्मी, अशोककुमार श्रीवास्तवसहित सामाजिक सुरक्षा भत्ता बुझ्नेलाई पनि विपक्षी बनाएको छ।

उमेर नपुगेकालाई भत्ता दिएर राज्यलाई ६ लाख ५६ हजार ७ सय रुपैयाँ नोक्सानी पुऱ्याएको ठहर गर्दै अख्तियारले उनीहरूमाथि भ्रष्टाचार मुद्दा दायर गरेको हो। अख्तियारले अध्यक्ष श्रीवास्तवसँग ६३ हजार ६ सय, सचिव कुर्मीसँग ६ लाख ५६ हजार र सचिव श्रीवास्तवसँग ५८ हजार रुपैयाँ बिगो दाबी गरेको छ। भत्ता लिनेसँग पनि ३० देखि ६३ हजार रूपैयाँसम्म बिगो दाबी गरेको छ।

# ७६ जना फरार प्रतिवादी पक्राउ

**रवीन्द्र उप्रेती**

बर्दिबास, १ असार। विभिन्न मुद्दामा अदालतबाट दोषी ठहर भइ फरार रहेका ७६ जना प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ। अदालतबाट फैसला भए पनि लुकीछिपी बस्दै आएका उनीहरूलाई प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ। महोत्तरी जिल्ला अदालतबाट प्राप्त फरार प्रतिवादीहरूको विवरणको आधारमा जिल्ला प्रहरी तथा मातहतका प्रहरी युनिटहरूले जेठ महिनाभर सञ्चालन गरेको अभियानका क्रममा उनीहरूलाई जिल्लाका विभिन्न ठाउँबाट पक्राउ गरिएको जिल्ला प्रहरीका प्रहरी निरीक्षक नन्दकिशोर चौहानले बताउनुभयो।

पक्राउ परेका मध्ये सबैभन्दा बढी कुटपिट मुद्दाका २७ जना छन्। त्यस्तै कुटपिट लुटपिटका १४ जना, सवारी ज्यानका ६, चोरीका ५, लेनदेन बिगोका ४, लागुऔषधका ४, जालसाजीका ३, कर्तव्य ज्यानका २ तथा चेक अनादर, बैंकिङ कसुर, बहुविवाह र शिक्षासम्बन्धी कसुरका एक-एक जना गरी ४ जना र लागुऔषध चोरी मुद्दाका एक जना समेतलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ परेका ७६ जनाबाट २१ वर्ष ८ महिना ६ दिन कैद तथा दुई लाख ९० हजार ३६२ रुपियाँ बराबरको जरिवाना असुल उपर गर्न महोत्तरी जिल्ला अदालतमा दाखिला गरेको चौहानले बताउनुभयो।

पक्राउ परेका मध्ये बहुविाहका प्रतिवादीलाई अदालतले तारेखमा र कुटपिटका २७ जना प्रतिवादीबाट आठ हजार ८८२ रुपियाँ जरिवान असुल गरी छाडेको छ। त्यस्तै कैद तथा जरिवानाको सजाय पाएका १३ जनालाई जलेश्वर कारागार चलान गरिएको छ। कारागार चलान हुनेमा कर्तव्य ज्यान, बैंकिङ कसुर, लागुऔषध, लेनदेन विगो र सवारी ज्यान तथा लागुऔषध चोरीका फरार प्रतिवादी रहेको जिल्ला प्रहरीले जनाएको छ।

# बाढीले कटान गरेपछि बाँध मर्मत



जनार्जन खत्री

सर्लाही, १ असार। सर्लाहीको कौडेना गाउँपालिका-५, छपकैयामा आइतबार बिहान लखन्देही खोलामा पानीको बहाव बढेर बाँध कटान गरेको छ। पहाडी भेगमा बिहान भएको भारी वर्षापछि लखन्देही खोलामा बाढी आएको स्थानीयले बताएका छन्। बाढी बढेर कटान गरेको बाँध तत्कालका लागि नेपाली सेना र सशस्त्र प्रहरी भएर अस्थायी रूपमा मर्मतको काम गरेका हुन्। उक्त बाँध फुटेमा कौडेना गाउँपालिका-५, छपकैया र मलङ्गवा नगरपालिका-६, खुटैना गाउँ डुबानमा पर्ने जोखिम रहेको छ। सम्भावित जोखिमलाई मध्यनजर गर्दै नेपाली सेनाको कालीध्वज गणका २५ जना र सशस्त्र प्रहरीको १० जना टोली मिलेर बाँधको रोकथाम गर्ने काम गरेको कालीध्वज गणका गणपति एवं प्रमुख सेनानी गोविन्द विष्टले जानकारी दिनुभयो।

छपकैयामा बर्सेनि बाढी आएर कटान तथा डुबानको व्यापक समस्या हुनेगरेको छ। पहाडी भेगमा परेको पानीमै आएको बाढीमा बाँध कटान गर्न सुरु गरेकाले अब ठुलो पानी पर्नासाथ थप समस्या उत्पन्न हुने भन्दै स्थानीय त्रसित बनेका छन्। आइतबार बिहान पहाडी क्षेत्रमा परेको पानीले पानीको बहाव बढेको बागमती र लखन्देखी खोलामा दिउँसोबाट क्रमिक रूपमा पानीको सतह कम हुँदैगएको छ।

# किसानको गुनासो– 'सरकारले चैते धान नकिनिदिँदा भुसको भाउमा बेच्नुपऱ्यो'

काठमाडौं, १ असार। सरकारले चैते धानको समर्थन मूल्य तोकेको भए पनि सरकारी स्वामित्वको खाद्य व्यवस्था तथा व्यापार कम्पनीले नकिनिदिँदा तोकिएको मूल्यमा धान बिक्री गर्न नपाएको किसानहरूले गुनासो गरेका छन्। नेपाल किसान महासंघ र अखिल नेपाल किसान महासंघले आज काठमाण्डौमा संयुक्त रूपमा पत्रकार सम्मेलन आयोजना गर्दै सरकारले समर्थन मूल्यमा धान नकिनिदिँदा किसानहरूले भुसको भाउमा धान बेच्नुपरेको गुनासो गरेका हुन्। सरकारले धानको सर्मथन मूल्य घोषणा गरेको भए पनि खरिद गर्ने कुनै सुरसार नगरेको उनीहरूको भनाइ छ।

पत्रकार सम्मेलनमा बोल्दै अखिल नेपाल किसान महासंघका अध्यक्ष प्रेम दंगालले सरकारले किसानको उत्पादनको मूल्य नदिएको गुनासो गरे। उनले किसानहरूले उखुको बक्यौतासमेत नपाएका कारण बाध्य भएर पत्रकार सम्मेलन आयोजना गर्नुपरेको बताउनुभयो। सरकारले रासायनिक मल खरिदका लागि आउँदो आर्थिक वर्षको बजेटमा २८ वर्ष रुपैयाँ विनियोजन गरेकोप्रति पनि उहाँले खुशी व्यक्त गरे। अध्यक्ष दङ्गालले भन्नुभयो, 'किसानहरूले आफूले उत्पादन गरेको चैते धानको मूल्य पाएनन्। सरकारले समर्थन मूल्य घोषणा गऱ्यो तर खरिद गर्ने कुनै सुरसार गरेन। किसानहरूले भुसको मूल्यमा धान बेच्नुपर्ने अवस्था आयो। समर्थन मूल्य घोषणा गरिसकेपछि राज्यले खरिद गर्नुपर्थ्यो।'

उखु उत्पादक किसानहरूलाई दिइँदै आएको अनुदानलाई निरन्तरता दिँदै चालू आर्थिक वर्षको अनुदान झन्डै १ अर्ब ६० करोड रुपैयाँ यथाशीघ्र भुक्तानी गर्नुपर्ने महासंघहरूको माग छ। त्यस्तै दुग्ध उत्पादक किसानहरूको बक्यौता रकम यथाशीघ्र भुक्तानी गर्नुपर्ने, धान र मकैका लागि अति आवश्यक रहेको रासायनिक मलको पर्याप्त उपलब्धताको सुनिश्चितता गर्नुपर्ने तथा राष्ट्रिय किसान आयोगका पदाधिकारीहरूको नियुक्ति प्रक्रिया अगाडि बढाउनुपर्ने उनीहरूको माग छ।

# विराटनगरमा ४ डेरी पसलको दूध परीक्षण

काठमाडौं, १ असार। खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय विराटनगर मोरङले आइतबार विराटनगरस्थित ४ वटा साना डेरी पसलहरूका दूधको गुणस्तर परीक्षण गरेको छ। कार्यालयले खाद्य पदार्थमा स्वच्छता कायम गर्न घुम्ती प्रयोगशाला 'मोबाइल भ्यान' प्रयोग गरी दूधको स्थलगत गुणस्तर जाँच गरेको हो। उक्त डेरीहरूका दूध परीक्षण गर्दा दूधमा मिसावट नपाइएको खाद्य अनुसन्धान अधिकृत तथा सूचना अधिकारी प्रवेश पोखरेलले जानकारी दिए।

यस्तै कार्यालयले ती डेरी पसललाई सरसफाइमा सुधार गर्न निर्देशन दिएको छ। अनुगमनमा विराटनगर महानगरपालिकाको समेत सहभागिता रहेको थियो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)